**Program** :**Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality**

Date : 2068/9/25

मिति २०६८/९/२५ गतेका दिन राष्ट्रिय महिला आयोग र UN Women को संयुक्त आयोजनामा *Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality* विषयक कार्यशाला गोष्ठी, राष्ट्रिय महिला आयोगको सभा हलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव लगायत माननीय सभासदज्यूहरू, नेपाल बार एशोसिएशनका प्रतिनीधि, सम्बन्धित विषयका विज्ञ महानुभावहरू र सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूको अध्यक्षतामा आयोगका उपसचिव यमेन्द्र उपाध्यायद्वारा सञ्चालन गरिएको थियो ।
कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै राष्ट्रिय महिला आयोगका सचिव डा. बद्री पोखेलले उपस्थित सम्पूर्ण सहभागिहरूलाई स्वागत गर्दै निर्णय प्रक्रियामा महिलाको पहुँच वृद्धि गर्न निर्वाचन प्रणालीको महत्वपूर्ण भुमिका हुने र महिला सहभागीता वृद्धिका लागि सहयोग पुग्ने गरी देशको निर्वाचन प्रणालीमा सुधार गर्न सकिएमा महिला मानव अधिकारको रक्षा र लैङ्गिक समानताको सुनिश्चितताका लागि मार्ग प्रसस्त हुने उल्लेख गर्दै उपस्थीत विज्ञहरूको सल्लाह र सुझावबाट प्राप्त निचोडलाई राष्ट्रिय महिला आयोग मार्फत संविधान सभामा प्रस्तुत गरिने र यसले समग्र महिला उत्थानका लागि महत्वपूर्ण टेवा पुऱ्याउन सक्ने बताउनु भयो ।

कार्यक्रममा आफ्ना भनाईहरू राख्दै UN Women का Program support manager यमन यादवले यस गोष्ठीबाट प्राप्त सुझावका साथै विगतका अभ्यास र उक्त अभ्यासबाट आर्जन गरिएको ज्ञान एवं प्राप्त सफलताले राजनीतिक दलहरूमा महिलाको सम्मानजनक र अर्थपूर्ण सहभागिता कायम गर्न महत्वपूर्ण सहयोग पुग्ने उल्लेख गर्दै महिला सहभागिता वृद्धि गर्नका लागि महिलमैत्री निर्वाचन प्रणाली मुख्य औजार भएको बताउनु भयो ।

उक्त कार्यक्रममा Action Aid का सलोनी सिंहद्वारा कार्यक्रमलाई सहजीकरण गर्न सहज कर्ताको भूमिका निर्वाह गरिएको थियो भने अधिवक्ता डा. विपिन अधिकारीले विषयमा केन्द्रित भएर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र पस्तुति लगतै प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव र अधिवक्ता गीता पाठकद्वारा प्रस्तुत कार्यपत्र माथि टिप्पणी गरिएको थियो ।

अधिवक्ता डा. विपिन अधिकारीद्वारा *Electoral System Design and Affirmative Actions for Ensuring Women's Human Rights and Gender Equality* शीर्षकमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले अन्तरिम संविधान-*२०६३* मा व्यबस्था गरिएको निर्वाचन प्रणालीमा महिलाका प्रवधानहरू, मौलिक हक अधिकार निर्धारण समिति, राज्य पुनरसंरचना समितिका अवधारण पत्र र राज्यको शासकीय स्वरूप निर्धारण समितिको प्रस्तवित मस्यौदामा उल्लेख गरिएका महिला अधिकार र लैङ्गिक समानताका सवालहरू र राज्यद्वारा अपनाइने निर्वाचन प्रणाली का बारेमा आफ्नो कार्यपत्र केन्द्रीत गर्नु भएको थियो । अन्त्यमा प्रस्तुत कर्ताले महिला मानव अधिकार र लैङ्गिक

समानताको सुनिश्चितता एवं निर्णायक तहमा महिला सहभागिता वृद्धिका लागि विभिन्न राजनीतिक दलहरूले अवलम्बन गर्नु पर्ने र उक्त अभियानमा प्रभागकारी मार्ग प्रसस्त गर्न राज्यद्वारा अपनाइनु पर्ने निर्वाचन प्रणालीका बारेमा बुँदागतरूपमा विचारहरू राख्नु भएको थियो ।

कार्यपत्र प्रस्तोता विपिन अधिकारीद्वारा नेपालमा विगतमा प्रत्यक्ष निर्वाचन प्रणाली अवलम्बन गरिएको र प्रत्यक्ष निर्वाचन प्रणालीमा निर्वाचित हुँनेको आधार राजनीतिक विचारधारा हुने हुँदा सबै जातजाती लिङ्ग वर्ग एवं स्वच्छ छवीका व्यक्तिहरू पुर्णरूपमा सहभागी हुन नसक्ने भएकाले समानुपातीक निर्वाचन प्रणालीको आवश्यकता परेको उल्लेख गर्नु भयो । उहाँले समानुपातिक निर्वाचन प्रणालीबाट सहभागिता जनाउने विभिन्न समुदाय जाती, वर्ग र लिङ्गका आधारमा कोटा निर्धारण गरिनुपर्ने र वेइजिङ्ग घोषणा पत्र अनुसार कम्तिमा ३३ प्रतिसत महिला सहभागिता स्थापित हुने गरी निर्वाचन प्रकृयामा व्यवस्था मिलाइनु पर्ने बताउनु भयो । मिश्रित निर्वाचन प्रणाली अवलम्बन गर्नेमा दलहरू वीच एक मत देखिएतापनि समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत विभिन्न समुदाय जाती, वर्ग र लिङ्गका आधारमा कोटा निर्धारण नभइसकेको जनाउनु भयो । समानुपातिकताको आधार केवल राज्यको निर्धारणमा मात्र नभै राज्यको हरेक निकाय लगायत राजनीतिक दलहरूमा समेत लागु गरिएमा महिला सहभागीतामा उल्लेख्य वृद्धि हुने जानकारी समेत गराउनु भयो । उहाँले जनसंख्याको आधारमा महिलाको समानुपातिका सहभागीताका लागि प्रत्यक्ष निर्वाचनको कोटामा समेत समानुपातीक महिला उम्मेदवारहरू राखिनु पर्नेमा जोड दिदै वर्तमान समानुपातिक प्रणाली दलहरूको नियन्त्रणमा रहेकाले शक्ति बाँडफाँडमा समेत समानुपातिक प्रकृया अपनाइनु पर्ने बताउनु भयो ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले निर्णय प्रकृयामा महिला सहभागीताको सुनिश्चितताका लागि समानुपातिक निर्वाचन प्रणालीमा ५० प्रतिशत महिला सहभागीताका लागि प्रस्ताव गरिएको उल्लेख गर्दै महिला सहभागीत वृद्धिका लागि प्रत्यक्ष निर्वाचनबाट सहभागिता जनाउनेहरूको भन्दा समानुपातिक निर्वाचनबाट सहभागिता जनाउनेहरूको कोटा वृद्धि गरिनु पर्ने र हालको तथ्याङ्कमा प्रत्यक्ष निर्वाचनमा केवल ८.२ प्रतिशत मात्र महिला सहभागिता रहेकाले प्रत्यक्ष निर्वाचनमा महिला सहभागिता बढी हुने गरी निर्वाचन प्रणालीमा सुधार गरिनु आवश्यक रहेको उल्लेख गर्नु भयो । प्रत्यक्ष निर्वाचन प्रणालीमा उम्मेदवार एवं मतदातालाई असीमित स्वतन्त्र अधिकार हुने हुँदा सवै वर्ग जाती र लिङ्गको समानुपातिक सहभागिता हुन नसक्ने त्यस्तै, महिला महिला विच मात्र चुनाव गराउदा चुनाव लड्न पाउने अधिकार हनन् हुन सक्ने हुँदा समान विकासको प्राप्ती पछि समानुपातीक निर्वाचन प्रणाली पनि अलोकप्रीय हुन सक्ने उल्लेख गर्नु भयो । विकास कार्यमा पुरूष भन्दा महिला बढी सक्रिय हुने भएकाले पनि समग्र विकासका लागि महिला सहभागिता वृद्धिका लागि सबैको ध्यान पुग्नु पर्नेमा जोड दिनु भयो । उहाँले महिला सशक्तीकरणका लागि केवल राजनीतिक दल र संसदमा सहभागिता अपर्याप्त हुने हुँदा राज्यका हरेक निकायमा समानुपातिक सहभागिताका लागि सबै तहबाट पहल गरिनु पर्नेमा जोड दिनु भयो । अन्त्यमा, उहाँले मिश्रित निर्वाचन प्रणाली अन्तरगत कुल सहभागीताको ४० प्रतिशत कोटा प्रत्यक्ष निर्वाचनका लागि र ६० प्रतिशत समानुपातिक निर्वाचनका लागि छुट्याइनु पर्ने र प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा महिला सहभागिता वृद्धिका लागि सबै राजनीतिक दलहरूले आवश्यक पहल गर्नु पर्ने बताउनु भयो ।
अधिवक्ता गीता पाठकले सामानुपातिक निर्वाचन प्रणालीको विकल्प नभएको उल्लेख गर्दै निर्वाचन प्रकृयाबाट केवल सहभागितको सुनिश्चितता मात्र प्राप्त हुने हुँदा महिला अधिकार र लैङ्गिक

समानताको सुनिश्चितताका लागि  निर्णय प्रकृयामा महिलाको समानुपातिक सहभागिताको सुनिश्चितता(पूर्वाधारा सहितको अवसर र परिणाममा) कायम गरिनु पर्नेमा जोड दिनु भयो । उहाँले समग्र महिलाको हितका लागि समानुपातिकताको अवधारणा मार्फत आम नेपाली महिलालाई अन्तर वर्गीय महिला र सिमान्तकृत महिलासंग तुलना गरेर हेरिनु पर्नेमा जोड दिनु भयो । आरक्षण प्रणाली भन्दा कोटा प्रणालीले महिला सहभागिता सुनिश्चित गर्न सक्ने उल्लेख गर्दै निर्णय प्रकृयामा उल्लेख्य महिला सहभागिताका लागि परिणाममा सहभागिताको खवरदारी गर्ने Double cota system को अवधारणा अपनाउनु सकिने बताउनु भयो ।

उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका महिला सभासद लगायत विभिन्न सहभागीहरूद्वारा महत्वपूर्ण विचारहरू राखिएको थियो जहाँ महिला सहभागिताको सुनीश्चितताका लागि निर्वाचन पद्दती लगायत सम्पूर्ण राजनीतिक दलहरू उत्तिकै जिम्वेवार हुनु पर्ने, अपाङ्गता भएका महिलाहरूको प्रतिनिधित्वका लागि Double cota system को व्यबस्था गरिनु पर्ने, महिला सहभागताका लागि कदम चाल्नु नपर्ने गरी स्वतः महिला सहभागीता हुने किसिमको वातावरणको सृजना गरिनु पर्ने, महिलामा लक्षित ऐन कानूनहरू व्यवहारमा उतार्नका लागि आवश्यक संयन्त्रको निर्माण गरिनु पर्ने, महिला मैत्री निर्वाचन प्रणालीका साथ साथै चुनावी वातावरण समेत महिला मैत्री बनाइनु पर्ने, जनसंख्याको अनुपातको आधारमा प्रतिनीधित्व हुने गरी निर्वाचन प्रणालीमा सुधार गरिनु पर्ने र महिला सहभागिता संगसंगै महिला भित्रको समानुपातिक सहभागितालाई समेत उत्तिकै ध्यान दिनु पर्ने, राज्यको हरेक निकायमा ५० प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिनु पर्ने लगायतका धारणाहरू राखिएको थियो ।
ने.क.पा.ए. माओवादीका सभासद अमृता थापाले निर्वाचन प्रणाली राजनीतिक पार्टीहरूका वीचमा केन्द्रीत रहने हुँदा महिला सहभागिता वृद्धिका लागि विभिन्न राजनीतिक दलहरूमा महिला सहभागिता संगसंगै महिलाको पहुँच वृद्धि गर्न आवश्यक रहेको उल्लेख गर्नु भयो । उहाँले नेपालको परिप्रेक्षमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हिसावले महिलालाई पछि पारिएकाले महिला सहभागिता वृद्धिका लागि सकारात्मक विभेद भन्दा केहि समयका लागि भएपनि महिलाका लागि पुर्वाधार सहितको विशेष अधिकारको प्रावधान राखिनु पर्ने बताउनु भयो ।

राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीद्वारा निर्वाचन प्रकृया मार्फत महिला सहभागिताको सुनिश्चितताका लागि नतिजालाई निश्चित गर्नेगरी समानुपातिक समावेशी निर्वाचन प्रणाली अवलम्बन गरिनु पर्ने, निर्वाचन आयोगलाई बलियो बनाउनु पर्ने धारणा राख्दै प्रस्तुत कार्यपत्र अधिवाचन र नीति पत्र बन्ने उल्लेख गर्दै अन्तराष्ट्रिय सिद्धान्त र अभ्यासलाई कार्यपत्रमा समावेश गरिनु पर्ने र पेश गरिएका सुझावहरू समग्रमा नदिई विषय संग केन्द्रीत हुनु पर्नेमा जोड दिनु भयो ।

अन्त्यमा, राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूले महिलाको सहभागिता वृद्धिका लागि विभिन्न राजनीतिक दलहरूले ईच्छा देखाउनु पर्ने उल्लेख गर्नुभयो । महिला अधिकार एवं लैङ्गिक समानताको सुनिश्चितताका लागि राज्यको हरेक तहमा सन्तुलित सहभागिताको खाँचो रहेको र समानुपातिक निर्वाचन प्रणाली अन्य विकल्प भन्दा उत्तम विधि हुने धरणा राख्दै उपस्थित सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रम समाप्तिको घोषणा गर्नु भयो ।